# राष्ट्रिय स्वतन्त्र पार्टी

# प्रदेश अधिवेशन कार्यविधि
## २०८३

केन्द्रीय कार्यालय
वनस्थली, काठमाडौं

# राष्ट्रिय स्वतन्त्र पार्टी
# प्रदेश अधिवेशन कार्यविधि, २०८३

राष्ट्रिय स्वतन्त्र पार्टीको विधान २०७९ (तेस्रो संशोधन २०८१ समेत)को धारा ३१ बमोजिम विधि, पद्धतिमा र लोकतान्त्रिक प्रणालीभित्र रही निष्पक्ष, धाँधलीरहित र सौहार्दपूर्ण वातावरणमा प्रदेश अधिवेशनमार्फत् प्रदेश समिति गठन गर्न/गराउन यो **"प्रदेश अधिवेशन कार्यविधि, २०८३"** जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"प्रदेश अधिवेशन कार्यविधि, २०८३"** रहेको छ ।

(२) यो कार्यविधि केन्द्रीय समितिले जारी गरेको मिति देखि लागू हुनेछ ।

(३) यो कार्यविधि पार्टीको पहिलोपटक आयोजना हुने प्रदेश अधिवेशनको हकमा मात्र लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **'विधान'** भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीको विधानलाई जनाउनेछ ।

(ख) **'तदर्थ प्रदेश समिति'** भन्नाले अधिवेशन अगाडि प्रदेश भेला मार्फत गठन भएको प्रदेश समितिलाई जनाउनेछ ।

(ग) **'प्रदेश समिति'** भन्नाले यस कार्यविधि अनुसार अधिवेशनबाट गठन भएको प्रदेश समितिलाई जनाउनेछ ।

(घ) **'प्रदेश सभापति, प्रदेश उपसभापति, प्रदेश महामन्त्री, प्रदेश सहमहामन्त्री, प्रदेश कोषाध्यक्ष, प्रदेश प्रवक्ता र प्रदेश सदस्य'** भन्नाले प्रदेश समितिको प्रदेश समितिको पदाधिकारी र सदस्यलाई जनाउनेछ ।

(ङ) **'निर्वाचन'** भन्नाले अधिवेशन मार्फत समिति चयन गर्नका लागि हुने निर्वाचनलाई जनाउनेछ ।

(च) **'निर्वाचन समिति'** भन्नाले केन्द्रीय निर्वाचन आयागले प्रदेश समिति चयन निर्वाचन प्रयोजनको लागि गठित समितिलाई जनाउनेछ ।

(छ) **'उम्मेदवार'** भन्नाले प्रदेश समितिको निर्वाचनमा तोकिए बमोजिमका पदाधिकारी तथा सदस्यहरुको पदमा विधानको अधिनमा रही उम्मेदवार मनोनयन पत्र दर्ता गरेकालाई जनाउनेछ ।

(ज) **'प्रतिनिधि'** भन्नाले प्रदेश अधिवेशनको लागि मताधिकार सहित तोकिएका प्रतिनिधिलाई जनाउनेछ ।

**३. अधिवेशनको लागि न्यूनतम मापदण्डः**

(१) प्रदेश भेलामार्फत् तदर्थ प्रदेश समिति गठन भई पार्टीको पोर्टलमा अद्यावधिक भएको हनुपर्ने ।

(२) प्रदेश मातहतका ५० प्रतिशत जिल्लाहरुको अधिवेशन भई अद्यावधिक भएको हुनुपर्ने ।

(३) उपदफा (२) अनुसार ५० प्रतिशत जिल्ला अधिवेशन नभएको प्रदेश मा अधिवेशन गर्नुपर्ने भएमा केन्द्रीय संगठन विभागको सिफारिसमा केन्द्रीय समितिले अधिवेशन गर्ने निर्णय लिन सक्नेछ ।

**४. प्रदेश अधिवेशन आयोजक समिति गठनः**

प्रदेश अधिवेशन आयोजक समिति देहाय बमोजिम गठन हुनेछ :

(१) प्रदेश अधिवेशनका लागि प्रदेश सभापतिको सभापतित्वमा एक **'प्रदेश अधिवेशन मुल आयोजक समिति'** गठन हुनेछ । प्रदेश समितिका बाँकी सबै पदाधिकारी र सदस्यहरु मुल आयोजक समितिको सदस्य हुनेछन् । मुल आयोजक समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्नेछ ।

(२) केन्द्रीय संगठन विभागले अधिवेशन गर्ने व्यहोरा केन्द्रीय निर्वाचन आयोगलाई जानकारी दिनेछ । केन्द्रीय निर्वाचन आयोगले प्रदेश अधिवेशनमा आवश्यक निर्वाचनका लागि निर्वाचन समिति गठन गरी कार्य गर्नेछ ।

**५. अधिवेशनको मिति र स्थान तोक्ने, सूचना गर्ने र तालिका तयारी गर्ने**

(१) केन्द्रीय समितिबाट तोकिएको मितिमा प्रदेश अधिवेशन आयोजना गर्न प्रदेश अधिवेशन मुल आयोजक समितिले अधिवेशनको स्थान(भेन्यू) र समय सहितको कार्यक्रम तालिका निर्धारण गर्नेछ ।

(२) अधिवेशनको कार्यतालिका बनाई तोकिएका सबै प्रतिनिधिहरुलाई समयमा नै पत्राचार साथै एस. एम.एस. वा अन्य डिजिटल माध्यमबाट सूचनाहरु जारी गर्नु र प्रदेशका सबै संरचनालाई समेत कम्तीमा ५ दिन अगाडि प्रदेश अधिवेशनको सूचना जारी गर्नु पर्नेछ ।

(३) प्रदेश अधिवेशन मुल आयोजक समिति वा उपसमितिले तोकिए बमोजिमका प्रतिनिधिहरुको नामावली संकलन लगायतका कार्यहरु निर्वाचन समितिसँग समन्वय गरी अगाडि बढाउनुपर्नेछ । निर्वाचन समितिले निर्वाचन सम्बन्धी प्रतिनिधिहरुको नामावली प्रकाशन, उम्मेदवारी आव्हान, दाबी विरोध, उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशनको आवश्यक तालिका तयार गरी जारी गर्नेछ । त्यस्तै निर्वाचन समितिले मतदानबाट समिति चयन हुने अवस्थाको लागि सबै आवश्यक तयारी गर्नुपर्नेछ ।

## ६. अधिवेशनका प्रतिनिधि छनौट विधिः

अधिवेशन आयोजक समितिले देहाय बमोजिम प्रदेश अधिवेशन प्रतिनिधिहरु छनौट गरी प्रतिनिधिहरुको नामावली कम्तीमा ३ दिन अगाडि निर्वाचन समितिलाई उपलब्ध गराउनेछ । प्रदेश अधिवेशन प्रतिनिधिहरु देहाय बमोजिम छनौट हुनेछन्:

| क्र.सं. | प्रदेश अधिवेशन प्रतिनिधिहरु | छनौट विधि |
|---|---|---|
| १. | प्रदेश समिति पदाधिकारी तथा सदस्यहरु सबै, | अधिवेशन आयोजक समिति गठन भएको मितिसम्म पार्टीको केन्द्रीय पोर्टलमा अद्यावधिक भएका प्रदेश समितिका सबै पदाधिकारी र सदस्यहरु अधिवेशनको प्रतिनिधि हुनेछन् । |
| २. | प्रदेश सल्लाहकार परिषद्का पदाधिकारी तथा सदस्यहरु सबै, | प्रदेश अधिवेशनको मिति निर्णय भएको मितिको १५ दिन अगाडि सम्म मनोनयन भई पार्टीको केन्द्रीय पोर्टलमा अद्यावधिक भएका प्रदेश सल्लाहकार परिषद्का सबै सदस्यहरु अधिवेशनको प्रतिनिधि हुनेछन् । त्यस पछि प्रदेश समितितिबाट अनुमोदन भएका सदस्यहरुलाई आयोजक समितिले अधिवेशनको पर्यवेक्षक बनाउन सक्नेछ । |
| ३. | प्रदेश अनुशासन आयोग, प्रदेश लेखा आयोगका पदाधिकारी तथा सदस्यहरु सबै, | प्रदेश अधिवेशनको मिति निर्णय भएको मितिको १५ दिन अगाडि मनोनयन भई पार्टीको केन्द्रीय पोर्टलमा अद्यावधिक भएका प्रदेश अनुशासन आयोग र लेखा आयोगको सदस्यहरु अधिवेशनको प्रतिनिधि हुनेछन् । त्यस पछि प्रदेश समितितिबाट अनुमोदन भएका सदस्यहरुलाई आयोजक समितिले अधिवेशनको पर्यवेक्षक बनाउन सक्नेछ । |
| ४. | प्रदेश विभागको प्रमुख सहित जना (न्यूनतम ३३ प्रतिशत महिला सहित विभागले छनौट गर्ने), | प्रदेश अधिवेशनको मिति निर्णय भएको मितिको १५ दिन अगाडि मनोनयन भई पार्टीको केन्द्रीय पोर्टलमा अद्यावधिक भएका विभाग प्रमुख र कम्तीमा ३ महिला सहित हुनेगरी जम्मा ९ जना अधिवेशनको प्रतिनिधि हुनेछन् । |
| ५. | प्रदेश सम्पर्क विभागको प्रमुख सहित ७ जना (न्यूनतम २ महिला सहित विभागले छनौट गर्ने), | प्रदेश अधिवेशनको मिति निर्णय भएको मितिको १५ दिन अगाडि मनोनयन भई पार्टीको केन्द्रीय पोर्टलमा अद्यावधिक भएका सम्पर्क विभाग प्रमुख र विभागले निर्णय गरी आयोजक समितिलाई पठाएको कम्तीमा २ महिला सहित जम्मा ७ जना अधिवेशनको प्रतिनिधि हुनेछन् । |
| ६. | जिल्ला समिति पदाधिकारी तथा सदस्यहरु सबै, | • अधिवेशन भई पार्टीको केन्द्रीय पोर्टलमा अद्यावधिक भएका जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरु अधिवेशन प्रतिनिधि हुनेछन् ।<br>• अधिवेशन हुन बाँकी तर पार्टीको केन्द्रीय पोर्टलमा अद्यावधिक भएका तदर्थ जिल्ला समितिको पदाधिकारीहरु (सभापति, उपसभापति, सचिव, सहसचिव र कोषाध्यक्ष) अधिवेशन प्रतिनिधि हुनेछन् ।<br>• जिल्ला अधिवेशन अगाबै जिल्ला समितिको निर्वाचनमा भाग नलिने र प्रदेश अधिवेशनमा सहभागि लिने निबेदन दिएका तत्कालिन जिल्लाका पदाधिकारी अधिवेशन प्रतिनिधि हुनेछन् । त्यस्तो निवेदन जिल्ला सभापति र प्रदेश सभापति वा तोकेको प्रतिनिधिलाई बुझाउनु पर्नेछ । |
| ७. | जिल्ला अनुशासन आयोग र जिल्ला संगठन विभागका पदाधिकारीहरु, | प्रदेश अधिवेशनको मिति निर्णय भएको मितिको १५ दिन अगाडि मनोनयन भई पार्टीको केन्द्रीय पोर्टलमा अद्यावधिक भएका जिल्ला अनुशासन आयोग र जिल्ला संगठन विभागका पदाधिकारीहरु अधिवेशनको |

| | | |
|---|---|---|
| | | प्रतिनिधि हुनेछन् । |
| ८. | जिल्ला सम्पर्क विभाग र जिल्ला ज्याटको प्रमुख सहित ३ जना (१ महिला सहित विभागले छनौट गर्ने), | प्रदेश अधिवेशनको मिति निर्णय भएको मितिको १५ दिन अगाडि मनोनयन भई पार्टीको केन्द्रीय पोर्टलमा अद्यावधिक भएका जिल्ला सम्पर्क विभाग र ज्याटको प्रमुख सहिति विभाग वा ज्याटले निर्णय गरी कम्तीमा १ जना महिला सहित आयोजक समितिलाई उपलब्ध गराएको ३ जना अधिवेशनको प्रतिनिधि हुनेछन् । |
| ९. | निर्वाचन क्षेत्र संयोजक र उपसंयोजक सबै, | अधिवेशन आयोजक समिति गठन भएको मितिसम्म पार्टीको केन्द्रीय पोर्टलमा अद्यावधिक भएका निर्वाचन क्षेत्र समितिका संयोजक र उपसंयोजक अधिवेशनको प्रतिनिधि हुनेछन् । |
| १०. | पालिका सभापति वा सभापति सहभागी हुन नसक्ने अवस्थामा समितिले तोकेको समितिको १ जना, | • अधिवेशन भई अद्यावधिक भएका पालिकाको पालिका सभापति वा सभापति सहभागी हुन नसक्ने अवस्थामा समितिले तोकेको समितिको १ जना अधिवेशनको प्रतिनिधि हुनेछन् ।<br>• अद्यावधिक भएका तर अधिवेशन हुन नसकेको तदर्थ पालिका समितिको सभापतिले उपस्थीत हुन नसकेको अवस्थामा अर्को प्रनिनिधि तोकी पठाउन सक्नेछैन । |
| ११. | पार्टीको तर्फबाट निर्वाचित वा समायोजनबाट आएका प्रदेश सभाका सदस्य तथा पालिका प्रमुख उपप्रमुखहरु, | पार्टीको तर्फबाट प्रदेश भित्रबाट निर्वाचित वा समायोजनबाट आएका सबै संघिय संसद, प्रदेश सभा र पालिका प्रमुख, उपप्रमुख प्रदेश अधिवेशन प्रतिनिधि हुनेछन् । |
| १२ | प्रदेशबाट केन्द्रीय समितिमा प्रतिनिधित्व गर्ने सबै र प्रदेशबाट केन्द्रीय विभागमा प्रतिनिधित्व गर्ने पदाधिकारीहरु सबै । | सम्बन्धित प्रदेशको प्रदेश अधिवेशनमा उक्त प्रदेशबाट पार्टीको माथिल्लो संयन्त्रमा रहि पार्टीको केन्द्रीय पोर्टलमा अध्यावधिक भएका पार्टीको पदाधिकारी तथा सदस्यहरु अधिवेशनको प्रतिनिधि हुनेछन् । |
| १३ | पालिका अधिवेशनले छनौट गर्ने प्रतिनिधि,<br>(१५१ भन्दा बढी पार्टी सदस्य भएको गाँउपालिकाबाट १ जना, ३०१ भन्दा बढी पार्टी सदस्य भएको नगरपालिकाबाट २ जना, ४०१ भन्दा बढी पार्टी सदस्य भएको उपमहानगरपालिकाबाट ३ जना र ५०१ भन्दा बढी पार्टी सदस्य भएको महानगरपालिकाबाट ४ जना), | पालिका अधिवेशनले छनौट गरी पठाएको सबै प्रतिनिधि हुनेछ ।<br>२०८३ जेठ १८ प पश्चातको निर्णयबाट छनौटहुने प्रतिनिधि न्यूनतम ३३ प्रतिशत महिला प्रतिनिधि हुने गरी छनौट हुनु पर्ने । |
| १४ | पार्टी समायोज प्रतिनिधिं | पार्टी केन्द्रीय समितिको निर्देशनका आधारमा तोकिएको प्रक्रिया पुरा गरी निर्णय भएका समायोजन प्रक्रियाका प्रतिनिधिहरु (संख्या निर्णयका आधारमा हुने) । |

- **प्रतिनिधि छनौट सम्बन्धी थप स्पष्टता:**

(१) पार्टीको अनुशासनात्मक कारवाहिमा परेका वा अनुशासन उल्लंघनका कारण जिम्मेवारी मुक्त भएका सदस्य वा अनुशासनात्मक छानविनको लागि निलम्वनमा परेका सदस्य अधिवेशन प्रतिनिधि हुन मिल्नेछैन ।

(२) पार्टीको सदस्य संख्याको आधारमा पालिका अधिवेशनमा प्रतिनिधि छनौट हुन नसकेको साथै छनौट भएतापनि विविध कारणले प्रतिनिधि त्याग गरेको अवस्थामा पालिका समितिले प्रदेश अधिवेशनको प्रतिनिधिको पालिका समिति बैठकले निर्णय गरी पठाउनेछ । पालिका समितिले प्रतिनिधि छनौट गरी अधिवेशन आयोजक समितिलाई तोकेको समय भित्र बुझाई सकेको हुनुपर्नेछ ।

**प्रतिनिधि छनौट गर्ने विधि:**

(क) पालिका समितिको बैठकले प्रदेश अधिवेशनको प्रतिनिधि हुन योग्य पार्टी सदस्यहरुलाई कम्तीमा ३ दिनको समय दिई आवेदन आह्वान गर्ने ।

(ख) पालिका बैठक बसी प्राप्त निवेदनहरु उपर छानबिन गरी प्रतिनिधि छनौट गर्ने ।

(ग) छनौट भएका प्रतिनिधिहरु जिल्ला/प्रदेश संगठन विभाग मार्फत् केन्द्रीय पोर्टलमा अद्यावधिक गराउने ।

(२) प्रदेश समितिले प्रदेश अधिवेशन आयोजक समिति गठन गरी अधिवेशन गर्ने सूचना जारी भए पश्चात् रिक्त पदपूर्ति कार्यविधि अन्तर्गत प्रदेश समिति र निर्वाचन क्षेत्र समिति र पालिका समितिमा पदपूर्ति गरी प्रतिनिधि बनाउन पाइने छैन ।

(३) प्रदेश अधिवेशनमा प्रतिनिधि हुने सबै प्रतिनिधिले अनिवार्य तोकिएको सम्वन्धित तहमा लेवि बुझाएको हुनुपर्नेछ । पार्टीको सम्वन्धित तहमा लेवि नबुझाएको वा लेवी बुझाउनु नपर्ने भनि निर्णय पनि नभएका कोही पनि अधिवेशनको प्रतिनिधि हुन सक्ने छैन ।

**द्रष्टव्य:** विधानको धारा २७, धारा ४१ र धारा ४२ को प्रतिनिधि सम्बन्धी व्यवस्था (तोकिए बाहेकका थप सदस्यहरु मनोनित गर्न सकिने), पालिका तहको अधिवेशन सम्पन्न हुन नसकेको अवस्था लगायत पहिलो प्रदेश अधिवेशनलाई सहभागितामुलक र व्यवस्थित गर्न विधानको आसय साथै पार्टीको मर्मलाई समेत समृद्ध बनाउन प्रदेश अधिवेशनको प्रतिनिधि व्यवस्था र छनौट गर्ने विधि तय गरिएको छ ।

## ७. अधिवेशनबाट निर्वाचित हुने

प्रदेश अधिवेशनबाट प्रदेश समिति निर्वाचीत हुनेछ :

(क) प्रदेश पदाधिकारीहरु प्रदेश अधिवेशन प्रतिनिधिहरुबाट निर्वाचित हुनेछ । निर्वाचन २ चरणमा हुनेछ । पहिलो चरणमा सभापति र प्रदेश सदस्यहरु (एउटा प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट १ जनाका दरमा र १५ जना समावेशी सिद्धान्त अनुरुप) निर्वाचित हुनेछन् । सभापतिको सिफारिसमा प्रदेश समितिले समिति संख्या विजोर हुने गरी २ वा ३ जना सदस्यहरु मनोनित गर्नेछन् ।

दोश्रो चरणमा निर्वाचित प्रदेश सदस्यहरु मध्येबाट उम्मेदवार भई अधिवेशन प्रतिनिधिहरुको मतबाट पदाधिकारीहरु निर्वाचित हुनेछन् । प्रदेश समिति सदस्यमध्येबाट कोषाध्यक्ष तथा प्रवक्तालाई प्रदेश सभापतिको सिफारिसमा प्रदेश समितिले मनोनित गर्नेछ ।

**पदाधिकारी देहाय बमोजिम हुनेछन् :**
प्रदेश सभापति १, प्रदेश उपसभापति १, प्रदेश महामन्त्री १, प्रदेश सहमहामन्त्री २ (फरक लिङ्गको हुनेगरी), प्रदेश कोषाध्यक्ष १, प्रदेश प्रवक्ता १,

**प्रदेश समितिको संख्या देहाय बमोजिम हुनेछ :**
कोशी प्रदेशः ६१, मधेश प्रदेशः ५९, बागमती प्रदेशः ६५, गण्डकी प्रदेशः ४७, लुम्बिनी प्रदेशः ५७, कर्णाली प्रदेशः ४१ र सुदुरपश्चिम प्रदेशः ४३ सदस्य

समितिमा ३३ प्रतिशत महिला र युवालाई प्राथमिकतामा राखिनेछ ।

**नोट:**

(क) अधिवेशन भएको पालिका, निर्वाचन क्षेत्र, जिल्ला समिति एवं प्रदेश समिति बाहेक अन्य तदर्थ समिति, विभाग वा संयन्त्रको पदाधिकारी र सदस्यमा रहेका प्रतिनिधिले उम्मेदवारी दिन सक्नेछ ।

(ख) यदि कुनै पनि पदमा उम्मेदवारी दिन चाहेमा उक्त समितिको पदबाट राजिनामा दिई स्वीकृत भएको हुनु पर्नेहुन्छ । यदि राजिनामा नदिई वा दिएर पनि स्वीकृत नगराई उम्मेदवारी दिएको भए उम्मेदवारी दर्ता भए पश्चात् निजको पद स्वतः रिक्त हुनेछ । कारणवश निज पुनः सोही (पुरानो) पदमा फर्कन चाहेमा सम्बन्धित समिति/संयन्त्रले लिखित निर्णय गरेको हुनुपर्नेछ ।

**८. अधिवेशनको प्रचार-प्रसारः**

आयोजक समितिले प्रदेश अधिवेशन हुने बारेमा सबै सदस्यहरुलाई मिति, स्थान र समयसहित अधिवेशनको खुला सत्रमा उपस्थित हुन पार्टी सदस्यहरु, शुभचिन्तक, भद्रभलादमी सबैलाई सूचना पुग्ने गरी खुल्ला रुपमा निमन्त्रणा गर्नुपर्नेछ । खुला सत्रमा उपस्थितिको लागि सामाजिक सञ्जालबाट वा ध्वनि प्रदुषण नहुने गरी माइकिङ वा जनरुचिका अन्य उपयुक्त प्रचार-प्रसारका माध्यामहरुबाट समेत प्रचार-प्रसार गर्न सकिनेछ ।

**९. अधिवेशन आयोजनाः**

प्रदेश अधिवेशन दुई चरणमा आयोजना हुनेछ । अधिवेशनको पहिलो चरण खुला सत्र हुनेछ भने दोस्रो चरण बन्द सत्र हुनेछ । खुला सत्रमा सबै पार्टी सदस्यहरु, शुभचिन्तक सहभागी हुन सक्नेछन् भने बन्द सत्रमा अधिवेशन प्रतिनिधिहरु र तोकिएका पर्यवेक्षक मात्रै उपस्थित हुन सक्नेछन् ।

**(१) प्रदेश अधिवेशनको खुल्ला सत्र**

अधिवेशनको पहिलो चरण खुला सत्र व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी आयोजक समितिको हुनेछ।

**खुल्ला सत्रमा गर्नुपर्ने कार्यहरु** देहाय बमोजिम छन् :

(क) तोकिएको स्थानमा अधिवेशन गर्न आवश्यक तयारी गर्ने ।

(ख) अधिवेशनको सूचनासहित फेसबुक र अन्य उपयुक्त माध्यमबाट कम्तीमा ५ दिन अगावैदेखि सार्वजनिक सूचना जारी गर्ने । सो सूचनाको लिंक जिल्ला पालिका तथा वडा समितिलाई पठाउने र शेयर गर्न अनुरोध गर्ने । अधिवेशनको सूचना सामाजिक सद्भाव कायम राखी ध्वनि प्रदुषण कम हुने गरी माइकिङ समेत गर्न सकिने ।

(ग) अधिवेशनको लागि तोकिएका प्रतिनिधिहरुलाई अनिवार्य सूचना गर्ने, निर्वाचन समितिसँगको सहकार्यमा प्रतिनिधिको नामावली दर्ता गर्ने, प्रतिनिधिको नामावली निर्वाचन समितिलाई उपलब्ध गराउने ।

(घ) अधिवेशन गर्दा आवश्यक स्रोतसाधनको व्यवस्था स्थानीय रुपमा गर्ने । साथै अधिवेशन सफल पार्न कार्यक्रम स्थल व्यवस्थापन उपसमिति, प्रचार-प्रसार उपसमिति, अधिवेशन प्रतिवेदन तयारी उपसमिति, प्रतिनिधि व्यवस्थापन एवम् दर्ता उपसमिति लगायत आवश्यक उपसमितिहरु गठन गर्ने ।

(ङ) अधिवेशनको उपस्थिति लिने, फोटो खिच्ने, उद्घाटनको लागि बजाउने घण्टी, ब्यानर, राष्ट्रिय झण्डा र पार्टीको झण्डा, पिउने पानी, शौचालय आदिको प्रबन्ध गर्नुपर्ने ।

(च) अधिवेशनमा उपल्लो तहका नेताहरु (सम्बन्धित प्रदेशका केन्द्र तथा जनप्रतिनिधि) सहित प्रदेशको अन्य प्रतिष्ठित व्यक्तिहरुको खुला सत्रमा उपस्थितिका लागि निमन्त्रणा गर्ने र उपस्थिति हुने नहुने यकिन गरी कार्यक्रमको तालिका तयारी गर्ने ।

(छ) पहिलो सत्र उद्घाटन सत्र हुने भएकोले उपस्थित पार्टीका नेताहरुको उपस्थिति जानकारी गराई उपस्थित नेताहरुमध्येबाट उपल्लो बरियतामा भएको नेताबाट घण्टी बजाएर कार्यक्रम सुरु गर्ने र लगत्तै राष्ट्रगान गाउने र बाँकी कार्यक्रम सञ्चालन गर्ने ।

(ज) उपस्थित नेताहरु तथा प्रतिष्ठित व्यक्तिहरुलाई संक्षिप्तमा शुभकामना मन्तव्य दिन लगाउने । साथै भद्दा मञ्च नबनाउने, खादा, माला, टीका नलगाउने । सकेसम्म कार्यक्रम साधारण एवं संक्षिप्त गर्ने ।

(झ) पहिलो सत्र सकिएको घोषणा गरेसँगै दोस्रो सत्र सञ्चालनको जिम्मेवारी निर्वाचन समितिलाई हस्तान्तरण गर्ने ।

**(२) दोस्रो चरण**

अधिवेशनको दोस्रो चरण बन्द सत्र हुनेछ । अधिवेशनको बन्द सत्र निर्वाचन समितिले सञ्चालन गर्नेछ । बन्दसत्रको सहभागी तोकिएको प्रतिनिधि र निर्वाचन समितिले तोकेको पर्यवेक्षकहरु मात्रै हुनेछन् ।

बन्दसत्रमा गरिने कार्यहरु देहाय बमोजिमको हुनेछ:

**(क) प्रतिनिधि व्यवस्थापन**

निर्वाचन समितिले दफा ६ बमोजिम प्रतिनिधिहरुको नामावली अधिवेशन आयोजक समितिसँगको समन्वयमा संकलन गरी अधिवेशनको तालिका अनुसार प्रारम्भिक नामावली प्रकाशन, दाबी विरोध र अन्तिम नामावली प्रकाशन गरे बमोजिमको प्रतिनिधिहरु मात्रै हलमा उपस्थितिको लागि यकिन गरी समितिको हस्ताक्षरसहितको प्रतिनिधि नामावली तयार गर्नेछ । बन्दसत्रको पर्यवेक्षकको समेत यकिन गरी प्रतिनिधि र पर्यवेक्षक बस्ने स्थान व्यवस्थित गर्नेछ । निर्वाचन समितिले निर्वाचन केही प्रक्रिया अगाडिबाटै सुरु गर्न सक्नेछ । बन्दसत्रमा निर्वाचनको बाँकी प्रक्रिया सपन्न हुनेछ ।

**(ख) उम्मेदावारी दर्ता एवम् नामावली प्रकाशन**

**१) प्रदेश समितिको उम्मेदवारी**

प्रदेश समितिमा निर्वाचित हुनका लागि इच्छुक प्रतिनिधिहरुले आफू निर्वाचित हुन चाहेको पदमा निर्वाचन समितिले तोके बमोजिम उम्मेदवारी फारमसहित उम्मेदवारी शुल्क बुझाउनु पर्नेछ । प्रदेश सभापतिको उम्मेदवारी शुल्क रु. २१०००/- प्रदेश उपसभापति, प्रदेश महामन्त्री, सहमहामन्त्री रु १७५००/-, प्रदेश पदाधिकारीको सदस्यको रु.१५०००/- र प्रदेश सदस्यको रु.१००००/- उम्मेदवारी शुल्क हुनेछ ।

२) प्रारम्भिक उम्मेदवारीको नामावली सबै प्रतिनिधिको पहुँचमा पुग्ने स्थनमा टाँस गर्ने तथा अन्य माध्यमबाट सबै प्रतिनिधिहरुमा पुग्ने गरी सार्वजनिक गर्नेछ । निर्वाचन समितिले निर्वाचन तालिका अनुसार उम्मेदवारको प्रारम्भिक नामावलीमा दाबी विरोधको लागि निश्चित समय तोकि सूचना  गर्नु पर्नेछ । दाबी विरोधमा प्राप्त उजुरी उपर छानबिन किनारा लगाई उम्मेदवारको अन्तिम नामावली तालिका अनुसार प्रकाशन गर्नेछ ।

**(ग) प्रतिनिधि दर्ताः**

अधवेशनको प्रतिनिधिहरुले प्रतिनिधि शुल्क रु १५००/- र पर्यवेक्षकहरुको शुल्क १५००/- हुनेछ । सवै प्रतिनिधि तथा पर्यवेक्षेकहरुले शुल्क सहित नाम दर्ता गर्नु पर्ने हुन्छ ।

**(घ) निर्वाचन**

निर्वाचन समितिले निर्वाचन कार्यविधि अनुरुप विधि, पद्धतिमा र लोकतान्त्रिक प्रणालीभित्र रही निष्पक्ष, धाँधलीरहित र सौहार्दपूर्ण वातावरणमा सवैको सहभागीतामा निर्वाचन गराउनेछ । निर्वाचित समितिको घोषणा गर्नेछ ।

**१०. अद्यावधिक र विविधः**

क) निर्वाचन समितिले निर्वाचित प्रदेश समितिको विवरण र आवश्यक कागजात केन्द्रीय संगठन विभागमा बुझाउनुपर्नेछ । केन्द्रीय संगठन विभागले प्रदेश अधिवेशन भएको ३ दिनभित्र पार्टीको केन्द्रीय पोर्टलमा अद्यावधिक गराउनुपर्नेछ ।

(ख निर्वाचन सम्बन्धी अन्य व्यवस्था तथा कार्यक्रम निर्वाचन आयोगको कार्यविधि अनुसार हुनेछ ।

(ग कुनै पनि कुरा चित्त नबुझेमा तथ्य र प्रमाणका आधारमा आवश्यक प्रकृया पुरा गरी तोकिएको विधि मार्फत पुनरावेदन गर्न सकिनेछ ।

**११. खारेजी र बचाउः**

यस कार्यविधिमा माथि जेसुकै लेखिएको भएतापनि पार्टीको विधान एवंम् नेपालको प्रचलित नियम कानूनसँग बाझिने निर्णयहरु भने स्वतः खारेज हुनेछन् ।

**पारित मिति : २०८३।०२।१८**
**पारित गर्ने निकाय : पार्टी सचिवालय ।**